नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

विश्वभर महामारीको रूप लिंदै नेपालमा समेत हाल तीव्ररुपमा फैलिएको कोभिड-१९ भाइरस विरूद्धको रोकथाम तथा नियन्त्रण र उपचार पद्धतिलाई थप व्यवस्थित गर्न सबै सरकारी संयन्त्रको सहजीकरण र समन्वय गर्ने बिषयले उच्च प्राथमिकता पाएको छ। कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट समय-समयमा भएका आदेश र सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रका नाममा सम्बोधन गर्दा दिनुभएको निर्देशन कार्यान्वयन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय थप क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार आज देशभरका अन्तर्राष्ट्रिय सीमानाकाबाट जम्मा ३,८०१ नेपाली नागरिकले नेपाल प्रवेश गरेको देखिन्छ। उक्त संख्या हिजोको तुलनामा ४१८ ले कमी हो। त्यसै गरी १ जना मात्र विदेशी नागरिक नेपाल प्रवेश गरेको देखिन्छ। देशभर ३,११९ क्वारेन्टिन बेडसंख्याको प्रवन्ध गरिएकोमा २१५ बेड मात्र प्रयोगमा आएको अवस्था छ। त्यसैगरी होटेल क्वारेन्टिन तर्फ ५०७ बेडको बन्दोबस्त गरिएकोमा ३ वटा बेड मात्र प्रयोग भएको अवस्था छ ।

क्वारेन्टिनको नियम पालना नगर्ने उपर सुदुर पश्चिम प्रदेशमा १३ जना र कर्णाली प्रदेशमा एक जना गरी जम्मा १४ जनालाई कारवाही भएको अवस्था छ । कर्णाली प्रदेशमा क्वारेन्टिन नियम पालना नगर्नेलाई जरीवाना समेत भएको जानकारी प्राप्त भएको छ । संक्रमणदर बढेसंगै देशैभरका अधिकांश प्रमुख जिल्ला अधिकारीहरुले (६३ जिल्लामा पूर्ण निषेधाज्ञा र ९ जिल्लामा आंशिक निषेधाज्ञा) जारी गरी सो को प्रभावकारीताका लागि नियमित अनुगमन भैरहेको र सुरक्षा निकायबाट चेक जांच भैरहेको र निषेधाज्ञाका बीच अत्यावश्यक सेवाहरु नियमित तवरले संचालन भैरहेको जनाइएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि रु. ५३,१६,५१८ को ५,१६,७४५ मेडिकल उपकरणहरु र रु. १६,६०,१३,९८२ को औषधि भन्सारबाट पैठारी भएको छ। आयात गरिएका मेडिकल उपकरणहरुमा ६० डिजिटल इन्फ्रारेड थर्मोमिटर, ५,१६,२८० फेस मास्क, १० अक्सिजन सिलिन्डर एवम् ३९५ मेडिकल/सर्जिकल फर्निचर रहेका छन्। साथै कोभिड प्रयोजनका लागि कोभिड-१९ स्वास्थ्य क्षेत्र द्रुत कार्ययोजना (२०७७ फागुन -२०७८ असार) कार्यान्वयन गर्न रु. १४ अर्ब ४६ करोडको सहमति प्रदान भएको र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका करार कर्मचारीको तलब स्वरूप रु. ५० लाख निकासा भएको जनाएको छ ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका साथै पोखरा, लुक्ला र नेपालगञ्ज विमानस्थलवाट विभिन्न वायुसेवाले ९३ आन्तरिक उडान भरी जम्मा १४४ संख्या यात्रुको उद्धार गरिएको अवस्था छ। कूल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ४१ रहेको छ । चीनवाट प्राप्त भएको अक्सिजन सिलिण्डर, भेन्टिलेटर र अक्सिजन कन्सन्ट्रेटरको पहिलो लट लिई नेपाल वायूसेवा निगमको कार्गो उडान (RA-4251) आज दिनको ३:२६ बजे त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार औषधी तथा अत्यावश्यक खाद्य वस्तुको आपूर्ति तथा भण्डारणको अवस्थाका बारेमा उत्पादक तथा मुख्य आयातकर्ता व्यवसायीसँग छलफल भएको साथै अत्यावश्यक खाद्यान्न, औषधी एवम् दैनिक उपयोगका वस्तु तथा सेवाको आपूर्ति, मौज्दात अवस्था र सो को वितरण प्रणालीको नियमित अनुगमन भैरहेको जानकारी प्राप्त भएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार हाल कायम निषेधाज्ञा जारी भएपछि गलत एवम् भ्रामक सूचना सम्प्रेषण गर्ने ४१ संस्थाहरुको अनुगमन गरी लिखित जवाफ मागिएको एवम् ध्यानाकर्षण गराइएको जानकारी प्राप्त भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीन सरकारले उपलव्ध गराउने ५ मिलियन युआन अनुदान सहायता अन्तरगत ३५०० थान अक्सिजन सिलिण्डर र १० थान भेण्टिलेटर मध्ये ४०० थान अक्सिजन सिलिन्डर १० थान भेण्टिलेटर मध्ये दोस्रो लटको १६०० थान अक्सिजन सिलिण्डर मे १८ मा चिनीयाँ पक्षले उपलब्ध गराउन सक्ने जानकारी प्राप्त भएको छ । सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी नेपाल बायु सेवा निगमको चार्टर्ड फ्लाईट उडान सम्बन्धमा चीनीयाँ पक्षलाई प्रस्ताव गरिएको र चीनको स्वशासित क्षेत्र तिब्बतले नेपाललाई सहायता स्वरुप प्रदान गर्ने लिक्वीड अक्सिजन यथाशीघ्र काठमाडौं ल्याउन स्थानीय चिनीयाँ दूतावाससँग समन्वय गरिएको र चिनीयाँ पक्षले २०० लिटर लिक्वीड अक्सिजन सहितको १५० कन्टेनर तातोपानी नाकामा यथासक्य चाडो हस्तान्तरण गर्ने जानकारी गराएको अवस्था छ ।

नेपाल सरकार प्रत्येक व्यक्तिको स्वास्थ्य र सुरक्षाको प्रत्याभूतिमा अत्यन्त संवेदनशील छ। कोभिड-१९ दोस्रो लहरको संक्रमणदर तीव्र गतिमा बढिरहेको सन्दर्भमा कोभिड-१९ को रोकथाम तथा



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np